# विष्णुपुर गाउँपालिका
## स्थानीय राजपत्र

खण्ड :१० संख्या :१ मिति : २०८३/०४/२५

### भाग-२
### विष्णुपुर गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम विष्णुपर गाउँपालिका गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्वत् २०८३ सालको कार्यविधि नं. १

भू-उपयोग क्षेत्र वर्गीकरण आधार मापदण्ड ,२०८३

**प्रस्तावना:** भू-उपयोग ऐन २०७६ तथा भू-उपयोग नियमावली २०७९ र २०८० को मापदण्ड तथा आधारहरु अतिरिक्त देहाय अनुसार विष्णुपुर गाउँपालिकाको क्षेत्रको जग्गालाई भू-उपयोग वर्गीकरण गर्ने प्रयोजनको लागी भू-उपयोग ऐन २०७६ को दफा ५ को उपदफा ३ को बमोजिम भू- उपयोग नक्सालाई अध्यावधिक गर्न र भू-उपयोग नियमावली २०७९ अनुसार को कितागत वितरण तयार गर्न, यो मापदण्ड र आधार जारी गरिएको छ।

### परिच्छेद -१
### संक्षिप्त नाम र प्रारम्भः

(क) यस मापदण्डको नाम "विष्णुपुर गाउँपालिकाको भू- उपयोग क्षेत्र वर्गीकरण सम्वन्धी मापदण्ड र आधारहरु २०८३" रहेको छ।

(ख) यो मापदण्ड भू –उपयोग परिषदवाट सिफारिस भई गाउँपालिकाको बैठकवाट स्वीकृत भएको मितिवाट विष्णुपुर गाउँपालिका भित्र लागू हुनेछ।

## परिच्छेद -२

**भू- उपयोग कार्यक्रम  संचालनका लागि सूचना प्रकाशन गर्नेः**

(क) यस विष्णुपुर गाउँपालिका  भू-उपयोग  कार्यक्रम संचालन हुने सम्वन्धीत स्थानीय तहको नाम र मिति समेत खुलाई नेपाल राजपत्रमा सुचना प्रकाशन गर्नेछ र त्यस्तो सूचना राष्ट्रिय, प्रदेश तथा स्थानीय स्तरमा प्रकाशन हुने अन्य छापा तथा विधुतीय संचार माध्यममा समेत प्रकाशन गर्न सकिनेछ।

**भू-उपयोग क्षेत्र वर्गीकरणका आधार, मापदण्ड र क्षेत्रफलः**

(क) भू- उपयोग क्षेत्र वर्गीकरण गर्ने  आधार, मापदण्ड र भू-उपयोग क्षेत्रको न्यूनतम क्षेत्रको न्यूनतम क्षेत्रफल अनुसूची -१ मा उल्लेख भएे बमोजिम हुनेछ।

## परिच्छेद -३

**भू- उपयोग क्षेत्र  परिवर्तनका लागि निवेदन दिन सक्नेः**

(क) ऐनको दफा ८  को  उपदफा (२) बमोजिम कुनै व्यक्तिले आफ्नो हकभोगमा रहेको जग्गा निर्धारित प्रयोजन भन्दा फरक प्रयोजनको लागि प्रयोग गर्नु परेमा सोको आधार र कारण खुलाई भू-उपयोग परिवर्तन गर्न अनुसुची -२ बमोजिमको ढाँचामा स्थानीय भू- उपयोग परिषदमा निवेदन दिन सक्नेछ।

(ख) उपनियम (क) बमोजिम परेको निवेदन उपर छानबिन गर्दा स्थानीय भू- उपयोग परिषदले  भू-उपयोग परिवर्तन गर्न उपयुक्त देखेकोमा सोको आधार र कारण खुलाई त्यस्तो निवेदन प्रदेश  भू- उपयोग परिषदमा पठाउनु पर्नेछ।

(ग) उपनियम (ख) बमोजिम स्थानीय भू-उपयोग परिषदले निवेदन पठाउँदा लागू भए पछि एकमुष्ठ  रुपमा पुष मसान्त र अषाढ मसान्तमा पठाउनु पर्नेछ।

## परिच्छेद -४

**परिभाषाः**

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः**

(क) "ऐन" भन्नाले भू-उपयोग ऐन , २०७६ सम्झनुपर्छ।

(ख) "नियमावली" भन्नाले भू- उपयोग   नियमावली, २०७९ र २०८० सम्झनु पर्दछ।

(ग) "निर्देशिका" भन्नाले भू-उपयोग कार्यक्रम कार्यन्वयन निर्देशिक, २०८१ सम्झनु पर्दछ।

(घ) "गाउँपालिका" भन्नाले विष्णुपुर गाउँपालिका सम्झनु पर्दछ।

(ङ) "कार्यपालिका" भन्नाले विष्णुपुर गाउँ कार्यपालिका सम्झनु पर्दछ।

(च) " आवासीय क्षेत्र" भन्नाले मानवीय बास स्थानको लागि प्रयोग भएको  घर, जग्गा तथा घरसँग जोडिएको  वा नजोडएको गोठ, भकारी, ग्यारेज, तबेला, ईनार, फलफूल बगैंचा, करेसाबारी,

आँग वा त्यस्तै अरु कुनै कामको लागि प्रयोग गरिएको जग्गा सम्झनु पर्दछ र सो शब्दले बसोबासको लागि प्रचलित कानून बमोजिम तोकिएको कुनै क्षेत्रलाई समेत जनाउँदछ ।

(छ) "औधोगिक क्षेत्र " भन्नाले कुनै पनि कार्यस्थल वा वस्तु उत्पादन गर्ने उधोग तथा सो संचालन गर्ने प्रयोजनको लागि निर्माण गरिएको भवन,घर ,टहराले चर्चेको जग्गा लगायत सो प्रयोजनको लागि छुट्याइएको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा उधोग प्रबर्दन गर्ने उधेश्यले प्रचलित कानून बमोजिम तोकिएको विशेष आर्थिक क्षेत्रलाई समेत जनाउँछ ।

(ज) "कृषि क्षेत्र" भन्नाले कृषि बाली उत्पादन, पशु/पंछी पालन, फारम हाउस, मत्सय पालन, माहुरी पालन, रेशम खेती लगायत कृषिजन्य उत्पादन, बागबानी वा वनवाटिका, जडिबुटी र कृषि वनको लागि प्रयोग भएको वा हुन सक्ने जग्गा सम्झनुपर्छ ।

(झ) "खानी तथा खनिज क्षेत्र " भन्नाले प्रचलित कानून बमोजिम खानी तथा खनिज पदार्थको उत्खनन, उत्पादन, शुद्धीकरण, प्रसोधन, संचय गर्ने प्रयोजनको लागि छुटयाईएको क्षेत्र सम्झनु पर्छ ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ट) "भू-उपयोग" भन्नाले भूमिको उपयोग सम्झनुपर्छ ।

(ठ) "भू- उपयोग क्षेत्र" भन्नाले ऐनको दफा ४ बमोजिम बर्गीकरण गरिएको क्षेत्रलाई सम्झनुपर्छ ।

(ड) "भू-उपयोग क्षेत्र नक्सा" भन्नाले ऐनको दफा ५ बमोजिम तयार पारिएको भू-उपयोग क्षेत्र नक्सा सम्झनुपर्छ ।

(ढ) "भू-उपयोग योजना" भन्नाले भू-उपयोगलाई व्यवस्थित गर्न दफा ६ बमोजिम तयार गरिएको योजना सम्झनुपर्छ ।

(ण) "भुमि" भन्नाले पृथ्वीको सतह, सतह भन्दा सिधा तल पृथ्वीको केन्द्र सम्म र सतह भन्दा माथि पृथ्वीको गुरुत्वाकार्षणँले भेट्ने सिम्मा सम्मको भाग सम्झनुपर्छ ।

(त) "वन क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम तोकिएको वन क्षेत्रलाई सम्झनुपर्छ ।

(थ) "व्यवसायिक क्षेत्र " भन्नाले बैंक , सहकारी, वितिय संस्था, पसल, होटेल, प्रदर्शनीकक्ष, पेट्रोल पम्प, गोदाम घर, चलचित्र घर, स्वास्थय, संचार, मनोरंजन सम्वन्धी सेवा, वस्तुको खरिद बिक्री हुने स्थान, कुनै साहित्यिक, वैज्ञानिक,प्राविधिक सेवा, सूचना तथा परामर्श उपलब्ध गराउने संस्था, अन्य कुनै व्यवसायिक प्रयोजनको लागि निर्माण गरिएको भवनले चर्चेको जग्गा तथा सो प्रयोजनको लागि छुट्याईएको जग्गा तथा पर्यटन वयवसायले चर्चेको जग्गा सम्झनु पर्दछ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा बजार विस्तार गर्ने गरी प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ ।

(द) "साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र" भन्नाले धार्मिक स्थल, धर्मशाला, पुरातात्विक महत्वका दरबार तथा प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ ।

(ध) " सार्वजनिक उपयोगको क्षेत्र " भन्नाले विधालय, विश्वविधालय, छात्रावास, शबदाह स्थल, सडक, सिँचाई, कुलो, नहर, ईनार, कुवा, चौतारी, पाटी, पौवा, गौशाला, उधान, बसपार्क,

विमानस्थल, गौचर, खेलकुद मैदान तथा अन्य सार्वजनिक उपभोगको लागि निर्माण गरिएको भवन, घर, टहरा, स्थान तथा त्यस्ता संरचनाले चर्चेको जग्गा सम्झनुपर्छ र सो शब्दले निश्चित भौगोलिक क्षेत्रमा सार्वजनिक उपभोगको क्षेत्र भनि प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई जनाउँछ।

## परिच्छेद -५

## भू-उपयोग मापदण्ड निर्धारणका आधारहरू:

(क) विध्यमान भू-उपयोगको अवस्था,
(ख) नापी विभागले पठाएको भू-उपयोग क्षेत्र वर्गीकरणको तथ्याङ्क,
(ग) सडक, बाटोको पहुँच र सो को वर्गीकरण,
(घ) कृषि उत्पादन र उत्पादकत्वको अवस्था,
(ङ) भू-उपयोग ऐन २०७६,
(च) भू-उपयोग नियमावलि २०७९ र २०८०,
(छ) सामाजिक तथा आर्थिक पूर्वाधारको वितरण,
(ज) शहरी विकास योजना/ आयोजना,
(झ) Google Satellite image,
(ञ) GIS Analysis
(ट) वडावाट आएको राय सुझाव,
(ठ) विभिन्न क्षेत्रका विज्ञहरू र सर्वदलीय, सर्वपक्षीय भेलावाट राय सुझाव।

भू- उपयोग क्षेत्र वर्गीकरण सम्वन्धी मापदण्डहरूः

(१) हाल उपयोगमा रहेको जग्गाहरुलाई यस मापदण्डमा उल्लेख भएकोमा बाहेक नापी विभागवाट वर्गीकृत क्षेत्रमा वर्गीकरण गर्ने।
(२) जोखिम लगायत अन्य संवेदनशील तथा मध्यवर्ति क्षेत्रको जग्गालाई नापी विभागवाट वर्गीकृत क्षेत्रमा वर्गीकरण गर्ने।
(३) साबिक बमोजिमका सरकारी, सार्वजनिक तथा सामुदायिक प्रयोजनको लागि प्रयोग हुने जग्गा, खुल्ला क्षेत्र , पार्कहरू समेत (सेवा प्रदान गर्ने सरकारी कार्यलय बाहेक ) लाई सार्वजनिक क्षेत्रको रुपमा वर्गीकरण गर्ने र सो को समुचित संरक्षणको निति लिने।
(४) यस अघि नापी विभागवाट आवासीय, व्यवसायिक, औधोगिक क्षेत्र वर्गीकरण गरीएको जग्गालाई सोहि अनुसार वर्गीकरण गरिने तर गाउँपालिकाको आवश्यक्ता र उपभोक्ता अनुसार परिवर्तन गर्न सकिने।
(५) हाल उपयोगमा रहेको नदीनाला,ताल ,तलैया, पोखरी लगायतका पानीजन्य उपयोगमा रहेको क्षेत्रलाई नदी, खोला, तथा सिमसार क्षेत्रमा वर्गीकरण गरिने।

(६) हाल उपयोगमा रहेको मठमन्दिर, मस्जिद, गुम्बा, चर्च, लगायत धार्मिक क्षेत्रले चर्चेको जग्गा, परापूर्व कालमा देखिएको ऐतिहासिक धरोहर, साँस्कृतीक तथा पुरातात्विक महत्वका क्षेत्रहरुलाई साँस्कृतिक तथा पुरातात्विक क्षेत्रमा वर्गीकरण गरिने ।

(७) नेपाल सरकार, उधोग मन्त्रालय, गाउँपालिकाको स्वीकृत लिएर औधोगिक क्रियाकलापमा प्रयोग भएको (आफ्नै जग्गामा) जग्गालाई औधोगिक क्षेत्रको रुपमा वर्गीकरण गरिने ।

(८) हाल कायम सबै किसिमको वन, पैदावार क्षेत्र (निजि क्षेत्र वाहेकका) लाई बन क्षेत्रको रुपमा वर्गीकरण गरिने ।

(९) हाल शैक्षिक/स्वसस्थ्य गतिविधि सञ्चालनमा रहेका सरकारी संस्थालाई शैक्षिक/स्वास्थ्य क्षेत्रमा वर्गीकरण गरिने ।

(१०) हाल चलन चल्तीमा उपभोग भईरहेको पसल, बैंक, तथा वितिय संस्था, होटेल,रेष्टुरेन्ट,हाटबजार लाग्ने स्थल, चमेना गृह, खाजा तथा फास्टफुड घर, व्यवसायिक प्रयोजनका लागी उपयोग गर्ने स्टोरेज क्षेत्र, सेवा प्रदान गर्ने सरकारी तथा निजि जग्गा, निजि क्षेत्रवाट सञ्चालित अस्पताल, विधालय, क्याम्पस, नर्सिङ्ग होम, पोलिक्लिनिक, रेडियो, तथा टेलिभिजन, ब्रोडकास्टिङ्ग संस्था,इन्टरनेट सेवा प्रदायक संस्थालाई व्यवसायिक क्षेत्रको रुपमा वर्गीकरण गरिने ।

(११) साबिक नक्सा बमोजिम बगेको खोलालाई नक्सा बमोजिम कै खोला क्षेत्र र यथावस्थामा बगेको खोलालाई पनि खोला क्षेत्रको रुपमा वर्गीकरण गरिने ।

(१२) अब उप्रान्त यस गाउँपालिका क्षेत्रको किताकाट गर्दा भू-उपयोग नियमावली २०७९ को दफा १२ मा उल्लेख भए बमोजिम कृषिको लागि न्यून्तम ६७५/०० वर्ग मिटर र आवासको रुपमा न्यून्तम १३० बर्ग मिटर नघटने गरी किताकाट गर्न सकिनेछ र घडेरीको हकमा सडक चौडाई र सेटब्याक यस गाउँपालिकाको घर नक्सा शाखाको नियम बमोजिम छोडनु पर्नेछ ।

(१३) जग्गाको मूल्यांकन गर्दा कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिईनेछ साथै कृषि तथा पशुपन्छी उत्पादन क्षेत्रमा गाउँपालिकाबाट दिईने सेवा सुविधाको दायरा बढाईनेछ ।

(१४) सडक दायाँ बायाँ भू-उपयोग क्षेत्र कायम गर्ने निर्णय गर्दा फिल्डमा कायम रहेको सडकको किनारावाट तोकिएको दुरी कायम गरिनेछ । यसमा सडकको Right of Way जनाउनु पर्ने छैन ।

(१५) पूर्णरुपमा मापदण्ड बमोजिम लागत कट्टा नभएका तर फिल्डमा मापदण्ड अनुसार सडक भएका सडकहरूको हकमा मात्र निरिक्षण गरेर प्राविधिक प्रतिवेदनको अधारमा मात्र किताकाट सिफारिस गरिनेछ ।

(१६) वडा र टोल मापदण्ड अनुसार सडकको दायरावाट वर्गीकरण गर्दा पनि केहि जग्गाहरू प्राविधिक कारणहरूले थपघट गरिनेछ र सो जग्गाहरुको भू- वर्गीकरण नक्सा अनुसार राखिनेछ ।

(१७) कुनै कितामा एक वा सो भन्दा बढी भू-उपयोग क्षेत्र परेको खण्डमा अधिकतम क्षेत्रफल भएकोमा वर्गीकरण गरिनेछ । तर कुनै किता गैरकृषिमा परेको र सडकले छोएको खण्डमा अधिक्तम क्षेत्रफल जुनसुकै वर्गीकरणको भएता पनि ति किताहरुलाई गैरकृषि क्षेत्रमै वर्गीकरण गरिनेछ ।

(१८) माथि उल्लेखित तथा विस्तृत रुपमा विष्णुपर गाउँपालिकामा रहेका तपसिल बमोजिमका क्षेत्रहरुलाई देहाय बमोजिमका क्षेत्रमा वर्गीकरण गर्नेः

| **क्र.सं.** | **जग्गा रहेको स्थान** | **कैफियत** |
|---|---|---|
| | **वडा नं. १(एक)** | |
| **क.** | **आवासीय क्षेत्रको वर्गीकरण(सडकको दाँया बाँया)** | |
| १. | चोहर्वा माडर सडक दाँया बाँया पहिलो ५० मि. व्यवसायिक र त्यसपछिको ५० मि. आवासीय | |
| २. | विश्वकर्मा चोक देखि पश्चिम कमला नहर सम्मको सडक दाँया बाँया ५० मि. | |
| ३. | विश्वकर्मा चोक देखि पूर्व उतर नराहा गाउँपालिका सिमाना सम्मको सडक दाँया बाँया ५० मि. | |
| ४. | कमला नदीको पूर्वी मूल नहर सडक दाँया वाँया ५० मि. | |
| ५. | विष्णुपुर सहिद गेट देखि पूर्व जितमाहन मन्दिर हुदै देव नारायण यादवको घर सम्मको सडक दाँया वाँया ५० मि. | |
| ६. | जितमाहन मन्दिर देखि उतर बुद्ध प्रा. वि. हुदै पश्चिम राम नारायण महतो घर र पूर्व वैश्नवोदेवि हुदै विष्णुपुर गाँउ सम्म सडक दाँया बाँया ५० मि. | |
| ७. | मूल सडक (असेसर यादव ) को घर देखि बिरेन्द्र यादवको जग्गा सम्मको सडक दाँया वाँया ५० मि. | |
| ८. | मूल सडकदेखि पूर्व हरिदेव यादवको घरसम्म सडक दाँया वाँया ५० मि. | |
| ९. | जमाहिर यादवको घरदेखि पश्चिम रमेश यादवको घर हुँदै दक्षिण रामजानकी कुट्टीसम्मको सडक दाँया वाँया ५० मि. | |
| १०. | कमला मूल नहरदेखि दक्षिण सिराहा शाखासम्मको सडक दाँया वाँया ५० मि. | |
| ११. | राम जानकी कुट्टीदेखि दक्षिण कृषि भेटेनरी हुदै हरि नगरा पोखरी सम्मको सडक दाँया वाँया ५० मि. | |
| १२. | हरिनगराको गेट चोक देखि पश्चिम भोला बाबा मन्दिर हुँदै दक्षिण हरिनगराको सार्वजनिक ढलानसम्मको सडक दाँया वाँया ५० मि. | |
| १३. | हरिनगराको सार्वजनिक ढलान देखि दक्षिण मिलन चोक सम्मको सडक दाँया वाँया ५० मि. | |
| १४. | विष्णुपुर सहिद गेट देखि पश्चिम राम जानकी कुट्टी हुँदै भोला बाबा मन्दिर सम्मको सडक | |

| | | |
|---|---|---|
| १५. | मिथिला बोर्डिङ स्कूल देखि ९ नं. वडा सिमाना सम्मको सडक दाँया वाँया ५० मि. | |
| १६. | शक्ति साहको इस्मारक देखि पूर्व मूल सडक सम्मको माउँवादी सडक दाँया वाँया ५० मि. | |
| १७. | हरिनगरा पोखरि देखि पश्चिम गढिया जोडने सडकको सिमाना सम्म दाँया वाँया ५० मि. | |
| १८. | भोला बाबा मन्दिर देखि उतर हरिनगरा नि. मा.वि. स्कूल हुँदै पश्चिम दक्षिण राम चन्द्र ठाकुरको घर सम्मको सडक दाँया वाँया ५० मि. | |
| १९. | आ.वि. हरिनगरा स्कूल देखि पूर्व शाखा नहर हुँदै दक्षिण पुल सम्मको र उतर लक्ष्मण यादवको पोखरी सम्मको सडक दाँया वाँया ५० मि. | |
| २०. | नहरको हरि नगरा पुल देखि दक्षिण मुसहरि पुल सम्मको शाखा नहर सडक दाँया वाँया ५० मि. | |
| २१. | जुरो सदाको घर देखि पश्चिम भरोसि कामतिको घर सम्मको सडक दाँया वाँया ५० मि. | |
| २२. | बल्ला कामतीको घर देखि पवित्र मुखियाको घर सम्मको सडक दाँया बाँया ५० मि. | |
| २३. | सार्वजनिक दलान देखि पूर्व सिराहा शाखा पुल सम्मको सडक दाँया वाँया ५० मि. | |
| २४. | सिराहा शाखा पुल देखि पूर्व सोम प्रसाद पासवानको घर सम्मको सडक दाँया वाँया ५० मि. | |
| २५. | शुक्ला पासवानको घर देखि कारी पासमानको घर सम्मको सडक दाँया वाँया ५० मि. | |
| २६. | दुर्गा सदाको घरदेखि पवित्र मुखियाको घर सम्मको सडक दाँया वाँया ५० मि. | |
| २७. | चन्द्र कामतीको घर देखि पश्चिम राम आवतार मण्डलको घर सम्मको सडक दाँया वाँया ५० मि. | |
| २८. | राम अधिन मुखियाको जग्गा देखि उतर अष्ट देव कामतिको घर सम्मको सडक दाँया वाँया ५० मि. | |
| २९. | मनोज सिंहको घर देखि पूर्व कला बन्जर टोल हुँदै गौरिपुर गाउँ हुदै मूल नहर सम्मको सडक दाँया वाँया ५० मि. | |
| ३०. | उग्र नारायण सिंहको घर देखि उतर मूल नहर सम्मको सडक दाँया वाँया ५० मि. | |
| ३१. | श्री देव मण्डलको घर देखि उतर बल देव ठाकुरको घर सम्मको सडक दाँया वाँया ५० मि. | |
| ३२. | सार्वजनिक दलान देखि पूर्व सोभित पासमानको घर हुदै मुसहरी टोल हुँदै उतर भोगेन्दर यादवको घर सम्मको सडक दाँया वाँया ५० मि. | |
| ३३. | हिरा लाल यादवको घरदेखि पूर्व अमानतको पोखरी सम्मको सडक दाँया वाँया ५० मि. | |
| ३४. | राम विलास कामतिको घरदेखि पूर्व अमानतको पोखरि सम्मको सडक दाँया वाँया ५० मि. | |
| ३५. | खटोकाबालाको घर देखि उतर पोखरिको डिल हुदै भोला सदाको घर हुँदै मूल सडक सम्मको सडक दाँया वाँया ५० मि. | |
| ३६. | राम सोमरू सदाको घर देखि पूर्व भोगिन्द्र यादवको घर हुँदै बलुवाही पैनिको वाटो हुँदै | |

| | | |
|---|---|---|
| | उतर बजरंगबली चौक सम्मको सडक दाँया वाँया ५० मि. | |
| ३७. | शिव ठाकुरको घरदेखि सत्य नारायण महतोको घर सम्मको सडक दाँया वाँया ५० मि. | |
| ३८. | राम प्रित महतोको घर देखि पुनित ठाकुरको घर हुदै उतर राम सोमरू सिंहको घर सम्मको सडक दाँया वाँया ५० मि. | |
| ३९. | राम देव महतो को घरदेखि पुर्व पैनि हुदै उतर कमला नहर सम्मको सडक दाँया वाँया ५० मि. | |
| ४०. | मूल सडक देखि दुर्गा मन्दिर हुँदै ओपेन्द्र यादवको खेत सम्मको सडक दाँया वाँया ५० मि. | |
| ४१. | रामेश्वर महतोको घरदेखि पश्चिम संजय सिंहको घर सम्मको सडक दाँया वाँया ५० मि. | |
| ४२. | हरि देव महतोको घर देखि उतर जनता मा.वि. हुदै पैनि सम्मको सडक दाँया वाँया ५० मि. | |
| ४३. | बिसे साहको खेत देखि उतर रेतानी पोखरि सम्मको सडक दाँया वाँया ५० मि. | |
| ४४. | बजरंगबली चौक देखि उतर खोरिया टोल हुदै देविपुरको सिमाना सम्मको सडक दाँया वाँया ५० मि. | |
| ४५. | राम सोगारत यादवको घर देखि पूर्व आदर्श प्रा.वि. खोरिया हुदै कडहर्वा पोखरी सम्मको सडक दाँया वाँया ५० मि. | |
| ४६. | राम लखन महतोको घर देखि पूर्व कडहर्वा पोखरी सम्मको सडक दाँया वाँया ५० मि. | |
| ४७. | सियाराम महराको घरदेखि दक्षिण बरहर धारसम्म आदर्श प्रा.वि. जोड्ने सडक दाँया वाँया ५० मि. | |
| ४८. | राम बुजन यादवको घरदेखि पश्चिम लगवती पासमानको घर हुदै बुदराम महराको घर हुदै पश्चिम डोरा खेतसम्मको सडक दाँया वाँया ५० मि. | |
| ४९. | नेमचन ठाकुरको घर देखि दक्षिण धर्मनाथ यादवको घर सम्मको सडक दाँया वाँया ५० मि. | |
| ५०. | नेमचन ठाकुरको घर देखि उतर किसुनदेव यादवको घर सम्मको सडक दाँया वाँया ५० मि. | |
| ५१. | कमला नहर देखि उतर विष्णुपुर गाउँ हुदै उतर देविपुर सिमासम्मको सडक दाँया वाँया ५० मि. | |
| ५२. | कमला नहर देखि उतर कडहर्वा पोखरि सम्म जोड्ने सडक दाँया वाँया ५० मि. | |
| ५३. | मूल सडक असेश्वर ठाकुरको घर देखि पश्चिम आरामिल हुँदै कृष्ण मन्दिर सम्मको सडक दाँया वाँया ५० मि. | |
| ५४. | सुरेश साहको घर देखि पश्चिम झबु शाहको जग्गा सम्मको सडक दाँया वाँया ५० मि. | |
| ५५. | हरि प्रसाद यादवको घर देखि पश्चिम झबु शाहको जग्गा सम्मको सडक दाँया वाँया ५० मि. | |
| ५६. | मनोज शाहको जग्गा देखि झबु शाहको जग्गा सम्मको सडक दाँया वाँया ५० मि. | |

| | | |
|---|---|---|
| ५७. | विष्णुदेव यादवको जग्गा देखि पश्चिम झबु शाहको जग्गा सम्मको सडक दाँया वाँया ५० मि. | |
| ५८. | प्रमिला यादवको जग्ग देखि पश्चिम राधा सिंहको जग्गा सम्मको सडक दाँया वाँया ५० मि. | |
| ५९. | राम आशिष महतोको घर देखि पश्चिम भरत मण्डलको खेत सम्मको सडक दाँया वाँया ५० मि. | |
| ६०. | प्रहरी चौकी देखि पूर्व रेविया महराको घर सम्मको सडक दाँया वाँया ५० मि. | |
| ६१. | शोभापुर पोखरी पूर्व डिल देखि उतर कमला नहर विश्वकर्मा चौक जोड्ने सडक दाँया वाँया ५० मि. | |
| ६२. | राम नरायण ठाकुरको घर देखि पूर्व उतर विष्णुपुर पोखरिको उतर डिल सम्मको सडक दाँया ५० मि. | |
| ६३. | पल्टु यादवको घर देखि उतर मधु यादवको घर सम्मको सडक दाँया वाँया ५० मि. | |
| ६४. | चनरदेव यादवको घर देखि पश्चिम विष्णुदेवि मन्दिर उतर हुदै कृषि सडक सम्मको सडक दाँया वाँया ५० मि. | |
| ६५. | विष्णुमान यादवको घर देखि पश्चिम शिव महतोको घर सम्मको सडक दाँया वाँया ५० मि. | |
| ६६. | अथिति भवन देखि पूर्व दिपक यादवको खेत सम्मको सडक दाँया वाँया ५० मि. | |
| ६७. | महन्थ पोखरी देखि उतर गाउँपालिकाको पोखरी (लक्ष्मिनिया दहको पोखरी) हुँदै पूर्व सडकमा जोडने सडक दाँया वाँया ५० मि. | |
| ६८. | राम पुकार यादवको जग्गा देखि पूर्व धान प्रशोधन केन्द्र सम्मको सडक दाँया वाँया ५० मि. | |
| ६९. | मूल सडक देखि वडा कार्यलय दक्षिण हुदै पश्चिम दुलार चन्दको घर सम्मको सडक दाँया वाँया ५० मि. | |
| ७०. | सुकराम मुखियको घर देखि अष्टदेव कामतीको घर सम्मको सडक ५० मि. दाँया वाँया ५० मि. | |
| ७१. | हरि नारायण यादवको घर देखि अशोक यादवको जग्गा सम्मको सडक दाँया वाँया ५० मि. | |
| ७२. | सिराहा शाखा नहरको विरेन्द्र मण्डलको घरदेखि पश्चिम मुसहरी हुदै थल्हाको सडक सम्म दाँया वाँया ५० मि. | |
| **ख.** | **व्यवसायिक क्षेत्रको वर्गीकरण(सडकको दाँया वाँया )** | |
| १. | चोहर्वा माडर सडक पहिलो दाँया बाँया ५० मि. व्यवसायिक र त्यसपछिको ५० मि. आवासीय | |
| **ग.** | **औधोगिक क्षेत्र** | |
| १. | | |

| | | |
|---|---|---|
| घ. | नदी,खोला,ताल,सिमसार क्षेत्र | |
| १. | यस वडामा पर्ने विभिन्न कुलो, नदि ,नाला। | |
| २. | हरि नगराको पोखरी | |
| ३. | शोभापुरको पोखरी | |
| ४. | हटिया वाला पोखरी | |
| ५. | अमानतवाला पोखरी | |
| ६. | रेतानी पोखरी | |
| **ङ** | **सार्वजनिक उपयोगको क्षेत्र वर्गीकरण** | |
| १. | बसपार्क, सार्वजनिक सकूलहरू, स्वास्थय चौकी, सरकारी सुरक्षा सेवा संस्था र सरकारी जग्गा। | |
| २. | वडा कार्यलय | |
| ३. | विष्णुपुर गाँपालिकाको भवन | |
| ४. | स्वसस्थय चौकी | |
| ५. | सार्वजनिक ईनार | |
| ६. | कृषि भेटनरी (विष्णुपुर चौक) | |
| ७. | अथिति भवन(विष्णुपुर गाउँ) | |
| ८. | प्रहरी चौकी (विष्णुपुर गाउँ) | |
| ९. | सहिद आ.वि.(विष्णुपुर गाँउ) | |
| १०. | आदर्श आ.वि. (खोरिया) | |
| ११. | जनता मा.वि. (हाट गौरिपुर) | |
| १२. | बुद्ध प्रा.वि. | |
| १३. | हरि नगरा आ.वि.(हरि नगरा) | |
| **च.** | **सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र** | |
| १. | वडा नं. १ को विभिन्न धार्मिक तथा पुरातात्विक क्षेत्र | |
| २. | विश्वकर्मा मन्दिर | |
| ३. | जितमाहन मन्दिर | |
| ४. | भोला बाबा मन्दिर | |
| ५. | बजरंग वलि मन्दिर | |
| ६. | राम जानकी कुट्टी | |
| ७. | दुर्गा मन्दिर | |
| ८. | डिहिवार थान | |
| **छ.** | **कृषि क्षेत्र वर्गीकरण** | |
| १. | माथि उल्लेखित क्षेत्र वाहेक सम्पुर्ण क्षेत्र कृषि क्षेत्र। | |

| वडा नं. २ (दुई) | | |
|---|---|---|
| **क.** | **आवासीय क्षेत्रको वर्गीकरण(सडकको दाँया  बाँया)** | |
| १. | रजोखैर देखि दक्षिण शिव मन्दिर हुँदै पुर्व नहर सम्म जोडने सडक को दाँया वाँया ५० मि. | |
| २. | रजोखैर गाउँको आवादी भएको वाटोहरुमा ५० मि. | |
| ३. | रजोखैर देखि दक्षिण शिव मन्दिर हुँदै पुर्व नहर जोडने मुख्य सडकको साखा वाटोहरु सबै मा ५० मि. | |
| ४. | शिव मन्दिर देखि पश्चिम बढकी पोखरी जाने वाटो  ५० मि. | |
| ५. | डिहवार थान राजपुर देखि पश्चिम उतर नहर बाटो मा ५० मि. | |
| ६. | श्री  मिथिला सरस्वती बोडिङ स्कुल देखि पश्चिम वाटो मा ५० मि. | |
| ७. | राजपुर गाउँको सवै आवादी हुने सडकमा ५० मि. | |
| ८. | राजपुर नहर वाटो देखि दक्षिण वाटोमा ५० मि. | |
| ९. | माओवादी सडक (गाउँपालिका देखि पश्चिम जाने सडक मा ५० मि.) | |
| १०. | राजपुर देखि दक्षिण गढिया आधारभूत जोडने सडक  ५० मि. | |
| ११. | गढिया गाउँ भित्र सवै आवादी भएको सडकहरुमा ५० मि. | |
| १२. | चोहर्वा माडर सडक पहिलो  दाँया बाँया ५० मि. व्यवसायिक र त्यसपछिको ५० मि. आवासीय | |
| **ख.** | **व्यवसायिक क्षेत्रको वर्गीकरण(सडकको दाँया वाँया )** | |
| १. | चोहर्वा माडर सडक पहिलो  दाँया बाँया ५० मि. व्यवसायिक र त्यसपछिको ५० मि. आवासीय | |
| **ग.** | **औधोगिक क्षेत्र** | |
| १. | | |
| **घ.** | **नदी,खोला,ताल,सिमसार क्षेत्र** | |
| १. | यस वडामा पर्ने विभिन्न कुलो, नदि ,नाला। | |
| **ङ** | **सार्वजनिक उपयोगको क्षेत्र वर्गीकरण** | |
| १. | बसपार्क, सार्वजनिक सकूलहरू, स्वास्थय चौकी, सरकारी सुरक्षा सेवा संस्था र सरकारी जग्गा। | |
| **च.** | **सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र** | |
| १. | वडा नं. २ को विभिन्न धार्मिक तथा पुरातात्विक क्षेत्र | |
| **छ.** | **कृषि क्षेत्र वर्गीकरण** | |
| १. | माथि उल्लेखित क्षेत्र वाहेक सम्पुर्ण क्षेत्र कृषि क्षेत्र। | |
| **वडा नं. ३ (तीन)** | | |
| **क.** | **आवासीय क्षेत्रको वर्गीकरण(सडकको दाँया  बाँया)** | |

| | | |
|---|---|---|
| १. | रजोखैर गाउँमा आवादी भएको सडकहरुमा ५० मि. | |
| २. | राजपुर गाउमा आवादी भएको सडकहरुमा ५० मि. | |
| ३. | गढिया गाउँमा आवादी भएको सडकहरूमा ५० मि. | |
| ४. | तपसिल बमोजिम सडकहरुमा दाँया वाँया ५० मि. | |
| | वडकी पोखरीको पुर्व तर्फ डीलमा भएको कितालाई व्यवसायिक र त्यसपछि को ५० मि. सम्म आवासीय | |
| ५. | भोला यादवको घर देखि अशोक यादवको घर सम्मको सडक | |
| ६. | वडा नं. ३ को रजोखरी माईनर भिनवार पोखरी देखि पश्चिम लोहजारा नदी हुँदै कल्याणपुर सम्मको सडक | |
| ७. | विनय यादवको घर देखि दक्षिण राज देव ,राम नाथ यादवको घर सम्मको सडक | |
| ८. | राम परीक्षण यादवको घर देखि पश्चिम रजोखैर माईनर नहर सम्मको सडक | |
| ९. | जिबछ महराको घर देखि पश्चिम रजोखैर माइनर नहर सम्मको सडक | |
| १०. | राम जानकी मन्दिर देखि उतर पश्चिम अपन समुदायिक भवन सम्मको सडक | |
| ११. | अपन समुदायिक भवन देखि उतर राम करन यादवको कृषि फर्म सम्मको सडक | |
| १२. | हनुमान मन्दिर देखि उतर कासिन्द्र यादवको घर सम्मको सडक | |
| १३. | मूल सडकको शिव नारायण साफिको घर देखि पूर्व कुसे महराको घर सम्मको सडक | |
| १४. | सलहेस मन्दिर देखि पूर्व वडा कार्यलय हुँदै दक्षिण मूल सडक सम्मको सडक | |
| १५. | भरोसि यादवको घर देखि पश्चिम राज कुमार कामतिको घरसम्म को सडक | |
| १६. | नागेश्वर यादवको घर देखि पश्चिम जिगिन्द्र यादवको घर सम्मको सडक | |
| १७. | विल्टु यादवको घर देखि उतर धरम देव यादवको घर सम्मको सडक | |
| १८. | कुल देव यादवको घर देखि नागेश्वर यादवको खेत सम्मको सडक | |
| १९. | प्रेम कुमार यादवको घर देखि शिव कुमार यादवको घर सम्मको सडक | |
| २०. | ३ नं. वडा कार्यलय देखि पूर्व उतर राज लाल दासको घर सम्मको सडक | |
| २१. | राज लाल ठाकुरको घर हुदै दक्षिण सूखठोर नहर सम्मको सडक | |
| २२. | राम जानकी कुटी देखि पश्चिम महेश्वर यादवको घर हुदै पश्चिम दक्षिण मुनदेव यादवको पोखरि हुँदै डिहिवार मन्दिर सम्मको सडक | |
| २३. | राम वरण यादवको घर देखि पश्चिम कल्याणपुर नहर सम्मको सडक | |
| २४. | गुल्टेन यादवको घर देखि पूर्व देव नारायण घर सम्मको सडक | |
| २५. | महेश्वर यादवको घर देखि दक्षिण कुशेश्वर यादवको घर हुदै सुभेश्वर यादवको जग्गा सम्मको सडक | |
| २६. | मुनदेव यादवको घर देखि पश्चिम उतर पवन लक्ष्मण यादवको घर सम्मको सडक | |
| २७. | जय किशोर यादवको घर देखि पश्चिम कुशेश्वर यादवको जग्गा सम्मको सडक | |
| २८. | सुखठोर नहर सडक | |

| | | |
|---|---|---|
| २९. | डिहिवार मन्दिर देखि दक्षिण नेवार टोल हुँदै कट्टीमा नदि सम्मको सडक | |
| ३०. | नेवार टोलको बोगली पोखरि देखि पूर्व चौठि पासमान को घर सम्मको सडक | |
| ३१. | सुक देब महराको घर देखि पूर्व राम दयाल महराको घर सम्मको सडक | |
| ३२. | चौठि पासमानको घर देखि दक्षिण पश्चिम बौय लाल महराको घर सम्मको सडक | |
| ३३. | लट्टु यादवको घर देखि पश्चिम देवेनको खेत सम्मको सडक | |
| ३४. | ईन्द देव यादवको पोखरि उतर डिल देखि पश्चिम अमिन यादवको घर सम्मको सडक | |
| ३५. | गणेश पोखरि देखि उतर आधारभूत प्रा.वि.  अमाहा हुँदै कपिल दासको घर सम्मको सडक | |
| ३६. | कपिल दासको घर देखि उतर पश्चिम रामजि सिंहको घर हुँदै घरन साहको पसल सम्मको सडक | |
| ३७. | मंगनिया महराको घर देखि उतर कटनिया नदि सम्मको सडक | |
| ३८. | रामजि सिंहको घर देखि दक्षिण सार्वजनिक पोखरि हुदै जागेश्वर महतो को जग्गा सम्मको सडक | |
| ३९. | प्रमेश्वर महतोको घर देखि पश्चिम जुगेश्वर महतोको घर सम्मको सडक | |
| ४०. | दलित दलानको घर देखि राज देवी मन्दिर सम्मको सडक | |
| ४१. | दिना भद्री मन्दिर देखि पश्चिम  गुरण शाहको पसल हुँदै अमाहा मुसहरी कल्याणपुर सिमाना सम्मको सडक | |
| ४२. | राम प्यारी सुडि घर देखि उतर कुशेश्वर मण्डलको घर सम्मको सडक | |
| ४३. | दवेश्वर दासको घर देखि दक्षिण भुटाई मुसहरको घर सम्म को सडक | |
| **ख.** | **व्यवसायिक क्षेत्रको वर्गीकरण(सडकको दाँया वाँया )** | |
| १. | | |
| **ग.** | **नदी,खोला,ताल,सिमसार क्षेत्र** | |
| १. | यस वडामा पर्ने विभिन्न कुलो, नदि, नाला। | |
| २. | रजोखैर वडकि पोखरी | |
| **घ.** | **सार्वजनिक उपयोगको क्षेत्र वर्गीकरण** | |
| १. | बसपार्क, सार्वजनिक सकूलहरू, स्वास्थय चौकी, सरकारी सुरक्षा सेवा संस्था र सरकारी जग्गा। | |
| २. | स्वास्थय चौकी | |
| ३. | अपन सामुदायिक भवन (रजोखैर) | |
| ४. | आ.वि. (रजोखैर) | |
| ५. | वडा कार्यलय(रजोखैर) | |
| ६. | रेड क्रस(रजोखैर) | |
| **ङ.** | **सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र** | |

| | | |
|---|---|---|
| १. | वडा नं. ३ को विभिन्न धार्मिक तथा पुरातात्विक क्षेत्र | |
| २. | सांस्कृतिक धार्मिक को हकमा वडकि पोखरि धार्मिक स्थल | |
| ३. | कबिर कुट्टी(रजोखैर) | |
| ४. | राम जानकी मन्दिर (रजोखैर) | |
| **च.** | **कृषि क्षेत्र वर्गीकरण** | |
| १. | माथि उल्लेखित क्षेत्र वाहेक सम्पुर्ण क्षेत्र कृषि क्षेत्र । | |
| | **वडा नं. ४(चार)** | |
| **क.** | **आवासीय क्षेत्रको वर्गीकरण(सडकको दाँया बाँया)** | |
| १. | गढिया देखि दक्षिण बुढवा पोखरि हुँदै थल्हा पोखरि हुँदै दक्षिण (उतर दक्षीण ) सिमाना सम्म ५० मि. | |
| २. | बुढवा पोखरी देखि पुर्व श्री बाल्की मेमोरियल स्कुल सम्म ५० मि. | |
| ३. | बुढबा पोखरी देखि दक्षिण पश्चिम बथान टोल हुँदै कर्हरवा हुँदै सिमा सम्म ५० मि. | |
| ४. | बथान टोल (नहर) देखि पश्चिम १०० मि. सम्म ५० मि. | |
| ५. | एनसेल टावर वाला सडक ५० मि. | |
| ६. | बुढवा पोखरि देखि पुर्व दक्षिण श्री बालकी मेमोरियल हुँदै पश्चिम उतर थल्हा हस्पिटल हुँदै थल्हा पोखरि हुदै बुढवा पोखरी जोड्ने सडक यस भित्र पर्ने सम्पुर्ण क्षेत्र आवसीय । | |
| ७. | थल्हा हस्पिटल देखि सिमा सम्म ५० मि. | |
| ८. | पगैया पोखरि जोडने सडक ५० मि. | |
| ९. | थल्हा दक्षिण, थलहा,बथान, कर्हरवा, टोलहरुको आवादिबाला सवै सडकहरूमा ५० मि. | |
| १०. | तिलासी को गंग देव कर्ण घर देखि पश्चिम राजकुमार घर सम्म ५० मि. | |
| ११. | थल्हा पोखरि पुर्व –दक्षिण कुनावाट पुर्व जाने कपिल यादवो घर सम्म ५० मि. | |
| **ख.** | **व्यवसायिक क्षेत्रको वर्गीकरण(सडकको दाँया वाँया )** | |
| १. | | |
| **ग.** | **औधोगिक क्षेत्र** | |
| १. | | |
| **घ.** | **नदी,खोला,ताल,सिमसार क्षेत्र** | |
| १. | यस वडामा पर्ने विभिन्न कुलो, नदि, नाला । | |
| **ङ** | **वन क्षेत्र** | |
| १. | | |
| **च.** | **सार्वजनिक उपयोगको क्षेत्र वर्गीकरण** | |
| १. | बसपार्क, सार्वजनिक सकूलहरू, स्वास्थय चौकी, सरकारी सुरक्षा सेवा संस्था र सरकारी जग्गा । | |

| | | |
|---|---|---|
| **छ.** | **सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र** | |
| १. | वडा नं. ४ को विभिन्न धार्मिक तथा पुरातात्विक क्षेत्र | |
| **ज.** | **कृषि क्षेत्र वर्गीकरण** | |
| १. | माथि उल्लेखित क्षेत्र वाहेक सम्पुर्ण क्षेत्र कृषि क्षेत्र । | |
| | **वडा नं. -५ (पाँच)** | |
| **क.** | **आवासीय क्षेत्रको वर्गीकरण(सडकको दाँया बाँया)** | |
| १. | चोहर्वा माडर सडक पहिलो दाँया बाँया ५० मि. व्यवसायिक र त्यसपछिको ५० मि. आवासीय | |
| २. | लक्ष्मीपुर गाउँको मुख्य (उतर दक्षिण) सडकको ५० मि. | |
| ३. | चोहर्वा माडर सडक देखि पूर्व श्री लक्ष्मी मा.वि हुँदै पुर्व जमुवा र हनुमान मन्दिर जाने दुवै सडकमा दाँया बाँया ५० मि. | |
| ४. | सिराहा माडर रोड देखि पूर्व नागेश्वर महतोको घर हुँदै मनराज महतोको घर सम्मको सडकमा दाँया बाँया ५० मि. | |
| ५. | सिंहेश्वर महतोको घरदेखि मुरलि रायमाझिको पोखरि डिल सम्म सडकको दाँया वाँया ५० मि. | |
| ६. | लक्ष्मीपुर चौक देखि पश्चिम नहर हुँदै मिलन चौक सम्म ५० मि. | |
| ७. | सिराहा माडर रोड देखि पूर्व राम जानकी प्रा.वि. हुँदै विल्टु मियाँको घर हुँदै अरनामाको सिमाना सम्म सडकको दाँया वाँया ५० मि. | |
| ८. | लक्ष्मीपुर गाँउको मुख्य सडक उतर देखि दक्षिण सडकवाट जोडिएको सबै शाखा सडकहरुको दाँया वाँया ५० मि. | |
| ९. | सन्दिप साह घर देखि पुर्व पाखेर सम्म ५० मि. | |
| १०. | दुलारचन पासमान घर देखि पुर्व २०० मिटर रोडको सिमा सम्म दाँया वाँया -५० मि | |
| ११. | घटुक शाहकोघर देखि उतर उग्र नारायण सिंहको घर सम्म सडकको दाँया वाँया ५० मि. | |
| **ख.** | **व्यवसायिक क्षेत्रको वर्गीकरण(सडकको दाँया वाँया )** | |
| १. | चोहर्वा माडर सडक पहिलो दाँया बाँया ५० मि. व्यवसायिक र त्यसपछिको ५० मि. आवासीय | |
| **ग.** | **औधोगिक क्षेत्र** | |
| १. | | |
| **घ.** | **नदी,खोला,ताल,सिमसार क्षेत्र** | |
| १. | यस वडामा पर्ने विभिन्न कुलो, नदि, नाला । | |
| **ङ.** | **सार्वजनिक उपयोगको क्षेत्र वर्गीकरण** | |
| १. | बसपार्क, सार्वजनिक सकूलहरू, स्वास्थय चौकी, सरकारी सुरक्षा सेवा संस्था र सरकारी जग्गा । | |

| | | |
|---|---|---|
| **च.** | **सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र** | |
| १. | वडा नं. ५ को विभिन्न धार्मिक तथा पुरातात्विक क्षेत्र | |
| **छ.** | **कृषि क्षेत्र वर्गीकरण** | |
| १. | माथि उल्लेखित क्षेत्र वाहेक सम्पुर्ण क्षेत्र कृषि क्षेत्र । | |

२. माथि उल्लेखित बाहेकका सम्पुर्ण जग्गाहरू हाल नापि विभागले तोकिएको अनुरुप नै रहने छ.

३. यदि किताको विवरणको Digital/Hard Copy मा प्राविधिक कारणले त्रुट्टी भएको खण्डमा यस नगरपालिकाको भू-उपयोग मापदण्ड र आधारमा फरक नपर्ने गरी सुधार गर्न सकिनेछ । सो सुधार गरिएको व्योहोरा स्थानीय भू-उपयोग परिषद र नापी कार्यलयमा जानकारी गराउनुपर्ने छ।

४. यस मापदण्ड र आधार बाहेक नेपाल सरकारको भू-पयोग ऐन २०७६ र भू-उपयोग नियामावली २०७९ बमोजिम कार्यान्वयन गर्नु पर्नेछ ।

५. यस गाउँपालिका भित्र नयाँ बन्ने सडक कम्तिमा ४ मिटरको हुनेछ।

६. यस पालिकाले वर्गीकरण गरेको शिलशिलामा यस पालिकाको पाँच वटै वडाको मध्ये जुन सुकै वडाका किताहरू समावेश नभएको खण्डमा वा छुट भएमा यो पालिका वा वडाले सिफारिस गरे बमोजिम सो किता थप गरिनेछ।

७. यस पालिकाको रिङ्ग रोडको चौडाई १२ मिटर हुनेछ।

८. यस पालिका भित्रका मुल सडकहरु साविकको नक्सा बमोजिम ८ मि. ,६ मि.र ४ मि. कायम गरिनेछ।

९. यस पालिकामा ४ मिटर भन्दा कम चौडाई भएका सडकहरू गल्ली सडकको रुपमा कायम गरिनेछ।

आज्ञाले

मितिः २०८३ साउन २५ गते　　दुखि कापर

(प्रमुख प्रशासकीय अधिकृत)

मिती:५०७९।११।११